# सदस्य संस्था अन्तरक्रिया कार्यक्रम - ३

## २०७८ असार ०९

## संक्षिप्त प्रतिवेदन

नेपाल लघुवित्त बैङ्कर्स संघले एकीकृत निर्देशन, २०७७ मा गरिनुपर्ने संशोधन र परिमार्जन तथा आगामी मौद्रिक नीतिमा समेटिनु पर्ने विषयहरु सम्बन्धमा नेपाल राष्ट्र बैंकमा पेश गरिने सुझावहरुलाई अन्तिम रुप दिन मिति २०७८ असार ०९ गते आफ्ना सदस्य संस्थाहरुसंग भर्चुअल अन्तरक्रिया कार्यक्रम संचालन गर्यो । संघका अध्यक्ष श्री वसन्तराज लम्सालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विभिन्न लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृत, उप-प्रमुख कार्यकारी अधिकृत तथा वरिष्ठ अधिकृत लगायत कुल ९६ जनाको सहभागिता रहेको थियो ।

संघका महासचिव श्री राम बहादुर यादवले सहजिकरण गर्नु भएको सो कार्यक्रममा सचिव श्री प्रमेश आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो भने कोषाध्यक्ष श्री नुमनाथ पोडेलले मौद्रिक नीति सम्बन्धि सुझावहरु तथा उपाध्यक्ष श्री रामहरी दाहालले एकीकृत निर्देशन सम्बन्धि सुझावहरु बारे प्रस्तुती गर्नुभएको थियो । साथै, कार्यक्रममा CORPORATEPAY बारे Nepal Clearing House Limited का प्रमुख कार्यकारी अधिकृत श्री नीलेश मान सिंह प्रधान बाट प्रस्तुती भएको थियो *(अनुसूची १)*।

उपरोक्त प्रस्तुतीहरुमा केही सहभागी महानुभावहरुले *(अनुसूची २)* आफ्ना विचार तथा प्रश्नहरु राख्नुभएको थियो । अन्तमा, कार्यक्रमको अध्यक्षता गर्नु भएका संघका अध्यक्षज्यूबाट आफ्नो मन्तव्य तथा धन्यबाद ज्ञापनका साथ कार्यक्रमको समापन गर्नुभएको थियो । यस प्रतिवेदनमा कार्यक्रममा भएका प्रस्तुतीहरु तथा आएका विचारहरुलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

### १. आगामी मौद्रिक नीतिका लागि सुझावहरु

आगामी मौद्रिक नीति २०७८ का लागि विभिन्न लघुवित्त वित्तीय संस्थाबाट प्राप्त भएका सुझावहरुलाई प्रस्तोताले ८ वटा समूहमा वर्गिकरण गरी प्रस्तुत गर्नु भयो । उल्लेखित समूहहरु क्रमशः (क) कोभिड-१९ महामारीको असर न्युन गर्ने सम्बन्धमा, (ख) वित्तीय स्रोत व्यवस्थापन सम्बन्धमा, (ग) लघुवित्त सेवा प्रवर्द्धन सम्वन्धमा, (घ) कार्यक्षेत्र तथा कार्यालय सम्बन्धमा, (ङ) कर्जा सूचना व्यवस्था सम्बन्धमा, (च) थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु सम्बन्धमा, (छ) लघुवित्त सेवाको विशिष्टीकरण सम्बन्धमा, र (ज) लघुवित्त सेवा डिजिटलाइजेशन सम्वन्धमा रहेको र प्रत्येक समूहमा ३ देखि ८ वटा सम्म गरी कुल ४५ वटा बुँदाहरु समावेश भएका थिए ।

सहभागी मध्ये पाँच जना महानुभावहरुले प्रस्तुतीले नसमेटेका विषयहरु तथा थप प्रष्ट पार्नु पर्ने कुराहरु सम्बन्धमा आफ्ना धारणा राख्नु भएको थियो । यस प्रस्तुतीले नसमेटेका भनी औंल्याईएका केही विषयहरु एकीकृत निर्देशन सम्बन्धि प्रस्तुतीमा समेटिएको जानकारी भयो ।

### २. एकीकृत निर्देशन, २०७७ मा संशोधनका लागि सुझावहरु

लघुवित्त वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०७७ मा प्रस्तावित संशोधन/परिमार्जन सम्बन्धमा विभिन्न लघुवित्त वित्तीय संस्थाबाट प्राप्त भएका सुझावहरुलाई प्रस्तोताले संक्षेपमा प्रस्तुत गर्नु भयो । प्राप्त सुझावहरु मुख्यतः निर्देशन नं. १ को बुँदा नं. ४ (क) सामान्य कर्जा नोक्सानी व्यवस्था, १०.१. न्यूनतम चुक्तापुँजी सम्बन्धमा; निर्देशन नं. २ को बुँदा नं. ९. भुक्तानी अवधि थप गर्ने सम्बन्धमा. १३. धितो फकवा सम्बन्धमा: निर्देशन नं. ३ को बँदा नं. २. खद्रा कर्जा कारोवार: निर्देशन

नं. १० को बुँदा नं. १९.१. इजाजपत्रप्राप्त संस्थामा विदेशी लगानी सम्बन्धमा; निर्देशन नं. ११ को बुँदा नं. १. कालोसूची सम्बन्धी व्यवस्था, २.कर्जा सूचना; निर्देशन नं. १३ को बुँदा नं. ४. ...कार्यालय सम्बन्धी व्यवस्था; निर्देशन नं. १५ को बुँदा नं. १. वित्तीय श्रोत संकलन, २. निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम; निर्देशन नं. १७ को बुँदा नं. ४. (ख) गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था; र निर्देशन नं. २० को बुँदा नं. ९. चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा रहेको छ।

सहभागी मध्ये चार जना महानुभावहरुले प्रस्तुती सम्बन्धमा आफ्ना सुझाव राख्नु भएको थियो। नेपाल राष्ट्र बैंकमा पेश गरिने उपरोक्त दुईवटा विषयबस्तुका लागि दुईथरी पत्रमा सकभर बुँदाहरु दोहोरिन नहुने, भाषा/वाक्य प्रयोगमा ध्यान पुर्याउनु पर्ने तथा सुझावहरु लामो र धेरै हुन नहुने कुरा सहभागीहरुले व्यक्त गर्नुभयो।

## ३. CORPORATEPAY

नेपाल राष्ट्र बैंक बाट “भुक्तानी प्रणाली संचालक” को कार्य गर्न अनुमतिपत्र प्राप्त नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (NCHL) का तर्फबाट CORPORATEPAY सम्बन्धमा प्रस्तुती भयो। प्रस्तुतीले NCHL को अवलोकन, लघुवित्त वित्तीय संस्थाका लागि व्यावसायिक भुक्तानी माध्यमका रुपमा CORPORATEPAY को प्रयोग, यस माध्यमले सघाउने भुक्तानी कारोवार सेवाहरु, यसका फाईदाहरु, कारोवारमा लाग्ने शुल्क तथा यस सेवामा आवद्ध हुने तरिका लगायतका विषयहरु समेटिएको थियो।

सहभागीका तर्फबाट विभिन्न स्तरमा कारोवार गरिरहेका संस्थाहरुका लागि भुक्तानी अख्तियारीको उपयुक्त रकमको सीमा, गलत खातामा भुक्तानी भएमा त्यसलाई फिर्ता ल्याउने विधि तथा केही संस्थाका लामा नामका कारण सृजना हुनसक्ने समस्याका सम्बन्धमा जिज्ञाशा प्रस्तुत भयो। संस्थाहरुले कम रकमको कारोवार सीमाबाट शुरु गर्ने र ठूलो रकमका लागि चेकबाट भुक्तानी गर्ने, गलत भुक्तानी भएमा CORPORATEPAY बाहिरबाट कारोवार उल्टाउने तथा भुक्तानीका लागि खाता नं. सतप्रतिशत मिल्नुपर्ने तर नाममा केही प्रतिशत लचकता अपनाउन सकिने सुझाव प्राप्त भयो।

## ४. कार्यक्रमका अध्यक्षको मन्तव्य

कार्यक्रमको अध्यक्षता गर्नु भएका संघका अध्यक्ष श्री वसन्तराज लम्सालज्यूले यस अन्तरक्रियाका लागि राखिएका दुवै खण्ड राम्ररी सञ्चालन भएकोमा खुसी व्यक्त गर्नु भयो। उहाँले नेपाल राष्ट्र बैंकमा पेश गरिने दुवै थरी सुझावहरुमा शालिन भाषाको प्रयोग हुने, बहुसंख्यक संस्थाका लागि हित हुने बुँदाहरुको छनौट हुने र एकीकृत निर्देशन सम्बन्धि कार्यदलमा सहभागिता जनाउँदा पनि अत्यावश्यक संशोधनहरुमा बैंकको ध्यानाकर्षण गर्ने जनाउनु भयो।

अध्यक्षज्यूले CORPORATEPAY बारे छोटो परिचयात्मक छलफल मात्र राखिएको र संस्थाका रुचीका आधारमा लेखा, सूचना प्रविधिका कर्मचारीहरु सहितका लागि थप छलफल/तालिमको सहजीकरण गर्न सकिने बताउनु भयो। अन्तमा, उहाँले अन्तरक्रियाका लागि सहयोग गर्नुभएका संघका सवै पदाधिकारी तथा कर्मचारी, प्रस्तोता र सहभागी सवैमा धन्यवाद ज्ञापनसाथ कार्यक्रम विसर्जन गर्नुभयो।

## अनुसूची १: कार्यक्रम विवरण

| | |
|---|---|
| १३:१०-१३:२० | अध्यक्षता ग्रहण<br>**वसन्तराज लम्साल,** अध्यक्ष, नेपाल लघुवित्त बैङ्कर्स संघ |
| | कार्यक्रमको उद्देश्य<br>**राम बहादुर यादव** (सहजकर्ता), महासचिव, ने.ल.बै.सं. |
| १३:२०-१३:३० | स्वागत मन्तव्य<br>**प्रमेश आचार्य,** सचिव, ने.ल.बै.सं. |
| १३:३०-१४:०० | मौद्रिक नीति २०७८ का लागि सुझाव तथा छलफल<br>**नुमनाथ पौडेल**, कोषाध्यक्ष, ने.ल.बै.सं. |
| १४:००-१४:३० | एकीकृत निर्देशन २०७७ मा संशोधनका लागि सुझाव तथा छलफल<br>**रामहरी दाहाल**, उपाध्यक्ष, ने.ल.बै.सं. |
| १४:३०-१५:०० | CORPORATEPAY बारे प्रस्तुती तथा छलफल<br>**नीलेश मान सिंह प्रधान**, प्र.का.अ., Nepal Clearing House Limited |
| १५:००-१५:१० | कार्यक्रमका अध्यक्षज्यूको मन्तव्य, धन्यबाद ज्ञापन तथा समापन<br>**वसन्तराज लम्साल**, अध्यक्ष, ने.ल.बै.सं. |

## अनुसूची २: कार्यक्रममा विचार राख्नुहुने महानुभावहरु

| सहभागी महानुभावहरु | मौद्रिक नीति | एकीकृत निर्देशन | CORPORATEPAY |
|---|---|---|---|
| १. कुलमणी तिम्सिना, सपोर्ट | √ | | |
| २. प्रविण लामा, इन्फिनिटी | √ | | |
| ३. दिलिप श्रेष्ठ, छिमेक | √ | | |
| ४. प्रकाश राज शर्मा, लक्ष्मी | √ | √ | |
| ५. ज्योती चन्द्र ओझा, आरएमडीसी | √ | | |
| ६. दिपक पाण्डे, छिमेक | | √ | |
| ७. गणेश घिमिरे, छिमेक | | √ | |
| ८. राजेन्द्र न्यौपाने, मिर्मिरे | | √ | |
| ९. नुमनाथ पौडेल, फर्स्ट माइक्रो | | | √ |
| | ५ | ४ | १ |